म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४५ मंगलबार २८ भदौ २०७९ ने. सं. ११४२ ञलगा 13 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जगगा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# पहिला प्रतिष्ठानबाट छुटयाइएको अस्पताललाई अहिले शैक्षिक अस्पताल बनाउने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २७भदौ/ प्रदेश सरकारले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक अस्पतालको रुपमा विकास गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले हेटौंडा अस्पताललाई प्रतिष्ठानको शैक्षिक अस्पतालको रुपमा विकास गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले प्रतिष्ठानको अलग्गै अस्पताल निर्माण नभएसम्मका लागि हेटौंडा अस्पतालमा विद्यार्थीहरुका लागि प्रयोगात्मक गर्न शैक्षिक अस्पतालका रुपमा विकास गरिने जानकारी दिएका हुन् । स्मरण रहोस्, प्रदेश सरकारले अध्यादेश ल्याएर मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत्को हेटौंडा अस्पताललाई छुट्याएको थियो ।

२२ चैतमा प्रदेश मन्त्रिपरिषद्को बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश प्रमाणीकरणका लागि प्रदेश प्रमुखकोमा सिफारिस गरेको थियो । उक्त अध्यादेश २४ चैतमा प्रदेश प्रमुख यादव चन्द्र शर्माले प्रमाणीकरण गरेका थिए । प्रमाणीकरण भएसँगै लागू भएको अध्यादेशका कारण हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग्याएको थियो । अस्पताललाई प्रतिष्ठानबाट अलग्याएको भन्दै प्रदेशसभाको प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले विरोधसमेत जनाएको थियो । हेटौंडामा प्रदेश सरकारविरुद्ध विद्यार्थीहरुले आन्दोलनसमेत चर्काएको थिए ।

प्रतिष्ठानलाई चिकित्सा शिक्षा अध्यापन गराउन आफ्नै अस्पताल हुनुपर्ने कानुनी व्यवस्था छ । तर, प्रतिष्ठानबाट अस्पताल अलग्याउने निर्णयसँगै प्रतिष्ठानमा शैक्षिक कार्यक्रमहरु रोकिएको थियो । प्रतिष्ठानका पदाधिकारीहरु अध्यादेशविरुद्ध अदालतसमेत गएका थिए । अदालतबाट




मुद्दा जितेपछि प्रतिष्ठानले थप शैक्षिक कार्यक्रमहरु पाएको र आगामी वर्षदेखि सञ्चालन हुने अस्पताल व्यवस्थापन समिति सदस्य उत्सव चौलागाईंले जानकारी दिए । अध्यादेशबाट प्रतिष्ठानको भिन्नै अस्पताल निर्माण गरिने उल्लेख थियो ।

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडामा रहेको जिल्ला अस्पताललाई प्रतिष्ठानको रुपमा विकास गर्ने निर्णय कार्यान्वयनमा लगेका थिए । सरकारले प्रतिष्ठानको अध्यापन र कार्यालय हेटौंडा उपमहानगरपालिका ८ मा राख्ने तयारी गरेको थियो ।

वर्तमान गठबन्धन सरकारले जिल्लास्तरको हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग्याएर छुट्टै अस्पताल निर्माण गर्ने र शैक्षिक कार्यक्रम चितवन लैजाने योजना बनाएको भन्दै प्रतिपक्ष दलले चर्को विरोध जनाएको थियो । अन्तत: सरकारले हेटौंडा अस्पताललाई शैक्षिक अस्पतालको रुपमा विकास गर्ने निर्णय गरेको हो ।

अस्पताल व्यवस्थापन समिति सदस्य चौलागाईले प्रतिष्ठानको आफ्नै अस्पताल हुनुपर्ने बाध्यता रहेकोले हेटौंडा अस्पताललाई प्रतिष्ठानअन्तर्गत राखिएको बताए । 'चिकित्सा शिक्षा अध्यापन गराउन आफ्नै अस्पताल हुनुपर्थ्यो । पहिला हेटौंडा अस्पताल थियो । तर, पछि सरकारले त्यसलाई अलग्याउने गरी अध्यादेश ल्याएको हो । अहिले त्यही अस्पताललाई शैक्षिक अस्पतालका रुपमा विकास गर्ने निर्णय स्वागतयोग्य छ,' उनले भने । उनले हेटौंडा अस्पताललाई शैक्षिक अस्पतालका रुपमा विकास गर्दा अस्पतालमा जनशक्ति अभाव नहुने, बिरामीहरुले सहज र सर्वशुलभ उपचार पाउने, अस्पतालको बेड संख्यामा वृद्धि हुनुका साथै सबै क्षेत्रमा स्तरोन्नती हुने बताउँछन् ।

२०७८ असारको दोस्रो साता प्रतिष्ठानलाई तीन विधामा अध्यापन गराउन चिकित्सा शिक्षा आयोगले अनुमति दिएको थियो । प्रतिष्ठानले गतवर्षदेखि ब्याचलर अफ पब्लिक हेल्थ, ब्याचलर अफ फार्मेसी र ब्याचलर अफ साइन्स इन मेडिकल ल्याब्रोटरी टेक्नोलोजी विषयमा अध्यापन गराउँदै आएको छ । प्रतिष्ठानले पहिलो वर्ष पब्लिक हेल्थमा २० जना, फार्मेसीमा ३० जना र मेडिकल ल्याब टेक्नोलोजीमा ३० जनालाई अध्यापन गराउन कोटा पाएको थियो । यसैगरी, प्रतिष्ठानले आगामी शैक्षिक सत्रदेखि नर्सिङतर्फका तीन वटा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको छ । एक वर्षपछि अध्यापन गराउने तयारीअनुरुप माष्टर डिग्री जेनरल फिजियनका लागि अनुमति लिइने चौलागाईले जानकारी दिए ।

स्वास्थ्य बिमा कार्यक्रममार्फत जनतालाई स्वास्थ्य सेवामा जोड्ने, दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मी तयार गर्ने, जनस्वास्थ्य कार्यक्रमलाई योजनावद्ध ढंगले जनताको घर दैलोमा पुऱ्याउनेलगायतका उद्देश्य बोकेर प्रतिष्ठान २ असोज २०७६ मा तत्कालीन नेकपा सरकारले स्थापना गरेको थियो । त्यतिबेला हेटौंडा अस्पताललाई नै प्रतिष्ठानको रुपमा परिणत गरिएको हो ।

प्रतिष्ठानले एक स्वायत्त संस्थाका रुपमा रहेर काम गर्नेछ । प्रतिष्ठान सञ्चालनका लागि बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना ऐन, २०७६, पदाधिकारी व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धी नियमावली, २०७७, आर्थिक प्रशासन नियमावली, २०७७, कर्मचारी सेवा, शर्त र सुविधासम्बन्धी नियमावली २०७७, अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७७ र शिक्षक सेवा, शर्त र सुविधासम्बन्धी नियमावली २०७७ जारी गरी कार्यान्वयन सुरु गरेको थियो ।

## एकै दिन ४० बढी संरचना भत्काइए

काठमाडौं, २७ भदौ (रासस)/ काठमाडौं महानगरपालिकाले सोमबार एकै दिन ४० बढी अवैध संरचना भत्काएको छ ।

अवैध रुपमा निर्माण भएका संरचना भत्काउन कामपाले गत साउन १ गते दिएको ३५ दिने सूचनाको बेवास्ता गरेपछि यही भदौ ६ गतेदेखि त्यस्ता संरचनालाई डोजर लगाएर भत्काउन सुरु गरेको हो ।

उक्त कार्यअन्तर्गत सोमबार कामपा र तारकेश्वर नगरपालिकाको सिमानामा पर्ने गुम्बा भन्ने स्थानमा रहेको खोलालाई मिचेर बनाइएका केही टहरा र २० सटर भत्काइएको छ । त्यसैगरी सडक मिचेर निर्माण गरिएका पर्खाललाई पनि डोजर लगाएर भत्काएको कामपा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए ।

त्यस्तै माछापोखरी चोकमा फुटपाथ प्रयोग गरी निर्माण गरिएको फलामको भऱ्याङ र खुसिबुँमा पनि अवैध रुपमा निर्माण गरिएको छ टहरा भत्काइएको प्रमुख पाण्डेले जानकारी दिए ।

हाल बेसमेन्ट र अन्डर ग्राउन्ड पार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ वटा भवन रहेको कामपाले जनाएको छ । ती सबैलाई कानुनी दायरामा ल्याउने कामपाको तयारी हो ।

## बागमतीमा डेंगुको अनुसन्धान र निगरानी गर्न सहमति



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेशमा डेंगु संक्रमणले महामारीको रुपल लिएसँगै त्यसको अनुसन्धान र निगरानी गर्न प्रदेशको स्वास्थय मन्त्रालयले चासो देखाएको छ ।

स्वास्थ्य मन्त्रालयले डेंगु रोगको संक्रमणबारे अनुसन्धान तथा निगरानी गर्न किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडासँग सहमति गरेको छ ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालय र संघीय स्वास्थ्य मन्त्रालयअन्तर्गतबीच प्रदेशमा फैलिएको डेंगु रोगको अनुसन्धान एवं निगरानी गर्न सोमबार सहमतिपत्रमा हस्ताक्षर भएको हो । स्वास्थ्य मन्त्री निमा लामाको उपस्थितिमा मन्त्रालयका सचिव बद्रीबहादुर खड्का र केन्द्रका निर्देशक डा. विश्वबन्धु बगालेबीच सम्झौता पत्रमा हस्ताक्षरण भएको छ । केन्द्रले डेंगु प्रभावित बागमती प्रदेशका काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र मकवानपुरमा यसको प्रभाव, संक्रमणको अवस्था, निगरानीका लागि अपनाउनुपर्ने रणनीति लगायतका क्षेत्रमा अनुसन्धान गरि सुझाव दिने मन्त्रालयका प्रवक्ता दीपक तिवारीले जानकारी दिए । अनुसन्धान तथा निगरानीले बागमती प्रदेशमा डेंगु रोग नियन्त्रणका लागि गरिएका प्रयासलाई थप व्यवस्थित गर्न सहयोग पुग्ने उनको भनाइ छ ।

बागमती प्रदेशमा अहिलेसम्म ६ हजार ६ सय ५४ जना डेंगुका विरामी रहेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार ललितपुरमा सबैभन्दा बढी ३ हजार ७९ जना, काठमाडौंमा १ हजार ७ सय ९७ जना, मकवानपुरमा १ हजार ४५ जना, चितवनमा १ सय ७९ जना, भक्तपुरमा १ सय ७० जना, धादिङमा १ सय २१ जना, नुवाकोटमा १४, सिन्धुली ६६ जना, रामेछाप २२ जना, दोलखा १० जना, काभ्रे ४४, सिन्धुपाल्चोकमा ७ जना विरामी रहेका छन् ।

**तथास्तु शपिङ्ग मार्केटको**

शटर पसल भाडामा उपलब्ध छ

Booking Open Now !

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंकसंगै र नेपाल बैंकको विपरित)

९८५१११२२२७, ९८५५०६७३०३, ९८५५०६७६४७

**विषेशताहरू:**

- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- नि:शुल्क सार्वजनिक शौचालय भएको ।
- नि:शुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।



**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



ADMISSION OPEN

ENROLL NOW

BCA | Application form for Entrance Exam **Ongoing**

BIM | Online Entrance Application form for CMAT **Bhadra 27**

BBS | ADMISSION IS OPEN NOW

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur   info@hsm.edu.np   9855074222

साझाकुरा

## हाम्रो कुरा

# चाडपर्वमा सतर्कता आवश्यक

असोज महिनाको सुरुवातसँगै दशैं, तिहार, छठजस्ता महत्वपूर्ण चाडपर्वको चहलपहल सुरु भएको छ । यतिखेर अधिकांश नेपालीहरु चाडपर्वलाई कसरी हर्षोल्लास तरिकाले मनाउने भनेर योजना बनाउने र आवश्यक तयारीमा जुटेका छन् । आफ्ना महत्वपूर्ण चाडपर्वलाई सकेसम्म सुखद् र अविस्मरणीय बनाउन सबै नेपाली प्रयत्नशील रहन्छन् । अरु बेलामा भन्दा चाडपर्वमा बजारमा मानिसहरुको चहलपहल पनि बढ्ने गर्दछ । मानिसहरुको चलहल बढ्नु भनेको स्वभावत: आवश्यकताहरु बढ्नु र समाजमा हुने विविध गतिविधि केन्द्रित हुनु पनि हो । यो मौसम भनेको सबैतिर सक्रियता बढ्ने समय पनि हो । समाजमा चहलपहल बढ्छ, बजारहरुमा किनमेल बढ्छ, यातायातका साधनहरुमा यात्रुको चाप बढ्छ । चहलपहल र गतिविधिमा बृद्धिसँगै समाजमा अपराध पनि बढ्न थाल्छ । जुवातास र अत्यधिक मदिरा सेवनको विकृति, विसंगति पनि बढ्छ । यी सबै कुरा चाडपर्वको मौसमसँगै सुरु हुने चुनौती हुन् । चाडपर्वले हर्षोल्लास र रमाइलोलाई आमन्त्रण गरिरहँदा यी चुनौतीको सामना गर्ने तयारी पनि सम्बन्धित निकायले गर्नु जरुरी छ ।

चाडपर्वको रौनक सुरु हुँदै गर्दा उपभोक्ता अधिकारको सवाल पनि अहम् रुपमा उठ्ने गर्दछ । यो बेलामा बजारमा अत्यधिक किनमेल हुने गर्छ । किनमेलमा बृद्धि भएसँगै वस्तुको गुणस्तर र मूल्यलाई ध्यान दिन सकिएन भने उपभोक्ताहरु मारमा पर्ने खतरा पनि रहन्छ । तसर्थ अरुबेलामा सुतेका उपभोक्ता अधिकारकर्मीदेखि सरकारी निकाय यो बेलामा जाग्नुपर्छ र बजार अनुगमनलाई तीब्र बनाउनुपर्छ । कतिपय वस्तु भएर पनि कृत्रिम अभाव सिर्जना गर्ने र मूल्य बढाएर कालोबजारी गर्ने खतरा पनि यो बेलामा रहन्छ । यस्ता विकृति रोक्न निजी क्षेत्रकै अगुवा संस्थाहरुले पहल थाल्नुपर्छ । त्यस्तै चाडपर्वको बेलामा सबैभन्दा धेरै भीडभाड हुने अर्को क्षेत्र हो, यातायात । अन्य समयमा पनि व्यवस्थित हुन नसकेको हाम्रो सार्वजनिक यातायात क्षेत्र चाडपर्वको समयमा त झनै भद्रगोल देखिन्छ । आ-आफ्ना गन्तव्यमा पुग्नैपर्ने यात्रुको बाध्यताबाट फाइदा उठाउँदै व्यवसायीले असुरक्षित यात्रासँगै बढी भाडा असुल्ने गरेको पाइन्छ । चाडपर्वका बेलामा खड्किने अर्को कुरा शान्ति सुरक्षा हो । मानिसहरुको चहपहलसँगै स्वत: अपराधजन्य क्रियाकलाप र विकृति, विसंगति पनि बढ्ने गर्दछन् । त्यस्ता क्रियाकलाप हुन नदिन सामाजिक सचेतना जगाउने काम त सबै पक्षको हो, तर पनि यस्ता क्रियाकलाप रोक्ने प्रमुख काम प्रहरी प्रशासनको हो । शान्ति सुरक्षालाई जति प्रभावकारी बनाउन सकियो, चाडपर्व त्यति सहज र व्यवस्थित हुने गर्दछन् । चाडपर्वको मौसमलाई मध्यनजर गर्दै शान्ति सुरक्षा व्यवस्था प्रभावकारी बनाउन प्रहरी प्रशासनले ठोस कार्यक्रम बनाउनुपर्छ र जनस्तरबाट पनि त्यसमा सहयोग हुनुपर्दछ ।

चाडपर्वको आगमनसँगै बजार अनुगमन तथा व्यवस्थापन, यातायात व्यवस्थापन, सुरक्षा व्यवस्थापन आदि क्षेत्रमा सरोकारवाला निकायले प्रभावकारी काम गर्नुपर्छ । यस्ता सरोकारवाला निकायलाई जिम्मेवार र दायित्वबोध गराउन नागरिक पनि जागरुक बन्न आवश्यक छ । यसो भएमा चाडपर्व सभ्य, सहज र व्यवस्थित बनाउन सकिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २९ गते बुधबार १४ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष चतुर्थी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:०८ । पञ्चमी श्राद्ध/राष्ट्रिय बाल दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : स्थिति अनुकूल बन्नेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : मानसिक सन्तोष हुनेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धन प्राप्ति हुनेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : कठिनाई कम हुनेछ |

# करणी, किशोरकिशोरी र कानुन



सपना केसी

रिलेसनसिप र यौन सामान्य रुपमा लिन्छ । तर के गर्ने ? अब हामी कानुनले समाज बदल्न सक्ने अवस्थामा छैनौं । समाजअनुसार कानुन बदल्नैपर्ने अवस्थामा छौं ।

**सामान्यत:** जसलाई के ठीक र के बेठीक छुट्याउन सक्ने चेतना हुँदैन वा जसलाई आफूले गरेको कार्यको परिणाम थाहा हुँदैन, नाबालिक त्यो हो । जसलाई आफ्नो नित्य कर्ममा अभिभावकको जरुरत पर्छ वा जसले आफ्नो स्वविवेकले कुनै कार्य गर्न सक्दैन, नाबालिक त्यो हो ।

पश्चिमीकरण, सूचना सञ्चारको विश्वव्यापीकरणले अहिलेको नेपालमा प्रभाव परेको छ । हाम्रा खानपान र रहनसहनले अहिले हाम्रो किशोरावस्था छिटो आउने विभिन्न तथ्यांकले देखाउँछ । अहिले १८ वर्ष भन्दा कम उमेरको सबैलाई हाम्रो कानुनले नाबालिकको पगरी गुथ्याउँदा म कानुनको विद्यार्थी भएकाले केही लेख्न खोजेकी छु ।

मेरो आशय अहिले अदालतमा पुगिसकेका मुद्दासँग कतै नजोडियोस्, म त्यो बारेमा केही लेख्न खोजेकी पनि हैन । जोसुकै पीडितले न्याय पाउनुपर्छ भन्ने मेरो दृष्टिकोण हो । त्यसमा म विचलित हुन्न । मेरो उद्देश्य केवल नेपालका नाबालिकसम्बन्धी कानुनहरूको सामनजस्यता खोज्नु मात्र हो भनेर बुझ्नुहोला ।

नेपालको कानुनअनुसार नेपाल नागरिकता नियमावली २०६३ नियम ३ को उपनियम (१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष कागजात संलग्न गरी निवेदन पेस गरी नागरिकता पाउने व्यवस्था गरिएको छ । त्यसै गरी मुलुकी देवानी संहिता ऐन, २०७४ को भाग ३ पारिवारिक कानुनको परिच्छेद १ को दफा ७३ मा २० वर्षको उमेर पूरा नभएमा विवाह बदर गराउन सक्ने व्यवस्था गरिएको छ । मुलुकी अपराध संहिता-२०७४ को भाग २ फौजदारी कसुरहरूको परिच्छेद ११ मा विवाहसम्बन्धी कसुरअन्तर्गत दफा १७३ मा बाल विवाह गर्न नहुने भनी २० वर्षको उमेर उल्लेख गरिएको छ ।

त्यसैगरी, मुलुकी अपराध संहिता-२०७४ फौजदारी कसुरको परिच्छेद १८ को दफा २१९ को उपदफा (२) मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ भनेर किटान साथ उल्लेख गरेको छ ।

सामान्य अर्थमा बुझ्दा जबर्जस्ती करणी भन्नाले जबर्जस्ती कसैको मन्जुरी विपरीत वा इच्छा विपरीत उसलाई लोभ-लालचमा पारी डराई धम्काई करणी गर्ने जघन्य प्रकृतिको अपराध हो । सामान्यत: महिलाको मन्जुरी लिँदा पनि सहमतिको यौन सम्पर्क गर्दा करणी नठहर्नुपर्ने हो ।

तर हाम्रो कानुनले १८ वर्षभन्दा कम उमेरको बालिकाको हकमा नाबालिक भनेकोले सहमतिमै भएको सहवास पनि जबर्जस्ती करणी हुने प्रावधान छ । तर यो कानुन नागरिकतासँग पनि सामाञ्जस्य हुनुपर्ने म ठान्छु । राज्यसँग नागरिकको कानुनी सम्बन्ध स्थापित गरी अधिकारको रक्षा गर्ने दस्तावेज नागरिकता हो । यो राज्य र नागरिक बीचको सम्बन्धलाई सेतुका रूपमा रहेको हुन्छ ।

नागरिकता राजनीतिक समुदायको पनि सदस्यता हो । नागरिक व्यक्तिको पहिचान हो भने नागरिकता राज्य र व्यक्तिको सम्बन्धको सूचक हो । किनकि अहिले हामी एक्काइसौं शताब्दीका मान्छे हौं यसमा गर्व पनि गर्छौं किनकि हामीलाई आफ्नो अधिकार र कर्तव्य र जीवनशैलीबारे थाहा छ । हामीले आफ्नो अधिकार पाउन सबैको अगाडि लड्नुपर्छ ।

राज्यको एउटा कानुनले नै यदि सोह्र वर्षको नागरिकलाई हकअधिकारका लागि सक्षम ठान्छ भने किन उसलाई अर्को कानुनले १८ वर्षसम्म पनि नाबालिक भनेको ? जब तिमी आफ्नो हकअधिकारका लागि १६ वर्षको उमेरको हुँदा पनि नाबालिक रहँदैन भने किन सहमतिमा करणी हुँदा पनि १८ वर्षको पुग्दा पनि तिमी किन नाबालिक ठहराएको ?

हामी सबैले सजिलै नभने पनि एउटा तथ्य के हो भने अहिले एसईई दिएपछि १५/१६ वर्षको किशोर-किशोरीहरू पढाइको सिलसिलामा आफ्नो अभिभावकको क्षेत्राधिकार भन्दा टाढा हुन्छन् । सूचना र प्रविधिको यो समयमा बढ्दो उमेरको प्रभावमा फेसबुक र टिकटकतिर सुमधुर भविष्यको कल्पनासहित कोही अन्जानसँग नजिकिएको र फोटो अपलोड गर्ने गरेको समेत यथेष्ट भेट्छौं । सो सम्बन्ध यौनमा पनि परिणत हुने गरेको अनौपचारिक सोधपुछमा हामी प्रशस्त भेट्छौं । अहिले हाम्रो बदलिँदो खानपान र बालबालिकाको बच्चा बेलादेखि नै स्वास्थ्यमा देखाइने सजगताले अहिलेका बालबालिकाको किशोरावस्था छिटो आउने देखेका छौं ।



उनीहरू सामाजिक सञ्जालको प्रयोग र अन्य सूचनाका माध्यमले पहिलेको पुस्ता भन्दा यो परिप्रेक्ष्यमा धेरै अगाडि छन् । यो अब हामीले चाहेर पनि रोक्न सक्ने अवस्थामा छैनौं । अहिलेको पुस्तामा यौनलाई हेर्ने दृष्टिकोण समेत बदलिएको छ ।

हाम्रो धर्म, संस्कृति र रीतिरिवाज अनुसार विवाहपूर्वको यौनलाई असभ्य मानिए तापनि अहिलेको पुस्ताले सो कार्य सहजै लिने गरेको परिपाटीमा नाबालिकका लागि १८ वर्षे प्रावधान त्यति व्यावहारिक म ठान्दिनँ । अहिलेका बहुसंख्यक पुस्ताले यौनलाई केवल जैविक आवश्यकता ठान्छन् । यौनलाई केवल श्रीमान्-श्रीमतीबीच राख्नुपर्ने भन्ने सोच राख्ने अल्पसंख्यक युवालाई बहुसंख्यकले रुढिवादी वा पाखेको पगरी गुथाउँछ । हाम्रो पुरानो सभ्यताको यही परिभाषाका कारण यौन भएर पनि विवाहमा परिणत हुन नसकेका थुप्रै युवतीहरू डिप्रेसनको सिकार भएको हामी भेट्छौं । जसले समाजको डरले सो कुरा कसैलाई सुनाउन नसक्ने वा पछि भावी श्रीमान्ले थाहा पाउँछ कि भन्ने मानसिक डर झेलिरहेका छन् । तर यो अबको युगमा रोकिनेवाला छैन ।

अझै पछि आइरहेको र आउने पुस्ताले यो समाजको बन्धन तोड्दै छ । विवाहपूर्व गर्न नहुने भनेर हाम्रो कुल, परम्परा र समाजले दिएको यो शिक्षा अहिलेको यो पुस्ताले बिर्सिरहेको छ । यो एकदमै नराम्रो पाटो हो । जसलाई कसैको परवाह छैन । परिवारको डर पनि छैन । पहिलेको आदर्श समाजले श्रीमान् र श्रीमतीलाई मात्र भनेर छुट्याएको यो क्रियाकलापलाई अहिलेको पुस्ताले केवल जैविक आवश्यकतासँग जोड्छ । रिलेसनसिप र यौन सामान्य रुपमा लिन्छ । तर के गर्ने ? अब हामी कानुनले समाज बदल्न सक्ने अवस्थामा छैनौं । समाज अनुसार कानुन बदल्नै पर्ने अवस्थामा छौं । नत्र अहिलेको युवा-पुस्ता अनुसार कानुनको मेल नखाने देखिएको छ । हो म मान्छु, कानुनको अज्ञानता क्षम्य हुँदैन र जसले उल्लंघन गर्छ त्यसलाई सजाय पनि हुनुपर्छ तर कानुनको सिद्धान्तअनुसार कानुन सबैलाई बराबर हुनुपर्छ वास्तविक पीडितले न्याय पाउनुपर्छ तर मलाई लाग्छ कि उमेरको यो हदले गर्दा मन्जुरी भए पनि चित्त बुझ्नसम्म केही नहुने चित्त नबुझेपछि कानुनको गलत प्रयोगबाट करणीको रुप दिने देखियो भने धेरै मान्छे पीडित भएको देखिने हुनसक्छ ।

त्यसैले म ठान्छु कि १६ वर्ष पुगेको मानिस कुनै पनि रुपले उसको परिणाम भोग्नका लागि अक्षम हुँदैनन् । तसर्थ नागरिकता कानुन सरह नाबालिकको उमेर घटाएर १६ मा झारेमा कानुन र समाजको मेल हुने थियो ।

*-साभार: इकागज*

# सन्तान विदेशमा, आमाबुबा बिचल्लीमा



उषा थपलिया

केहीअघि काठमाडौंको एउटा परिवारमा कारुणिक घटना भयो । पढाइका लागि दुई छोराहरू बिदेसिएपछि घरमा सरकारी जागिरे बाबुआमा मात्र बाँकी रहे । जागिर र हुन्जेल अफिस र घर गर्दै दिन बिताउन दुवैलाई सहजै थियो । केही वर्षअघि कामबाट दुवै जना निवृत्त भए । त्यसको दुई वर्षपछि पक्षाघातका कारण आमाको दिनचर्या पूरै बाबुमा निर्भर हुनुपर्ने अवस्था बन्यो । हातले इसाराबाहेक केही गर्न नसक्ने अवस्थामा रहेकी आमाको यावत् कामको एकल दायित्व बाबुमाथि निर्भर रहयो । आमाको अवस्थाबारे जानकारी गराउँदै घर आउन उनले दुवै छोरालाई पटक-पटक आग्रह गरे । पढाइपछि काम र विदेशी महिलासँग उतै घरजम गरेका दुवै छोराले आउने चासो देखाएनन् ।

'अहिले हामी आउनै नमिल्ने अवस्था छ, पैसाको परबाह नगरी एकदम राम्रो अस्पतालमा उपचार गराउनुहोस्,' घर आउने आग्रहपिच्छे दुवै छोरा बाबुलाई यही अर्ती दिने गर्थे । एक दिन एउटै कोठाको फरक बेडमा सुतेका बाबुलाई अचानक फदयाघात भयो । बाबु लामो समयसम्म नउठेपछि आमाको बिजोग भयो । एकाबिहानै उठेर आफ्नो स्याहार-सुसारमा नियमित खटिने पति नउठ्नुमा पत्निलाई अशुभ शंका त भयो नै होला, तर उनले पनि गर्न सक्ने केही थिएन । दुई जना मात्र रहेको घरमा दुई दिनसम्म चालचुल नभएपछि छिमेकीहरू जब घरभित्र पसे, तब दु:खद यथार्थ बाहिरियो ।

ठ्याक्कै यही स्थितिको कारुणिकता सबैतिर नहोला तर परदेसिएका सन्तानका बाबुआमाको उत्तरार्द्धको जिन्दगी यस्तै संकटापन्न पेरिफेरीमा घुमिरहेको देखिन्छ । सन्तानप्रति गाँठो पारेर राखेको ममता पोख्न नपाएको पीडाबाट त बाबुआमा हरपल विक्षिप्त भैरहेकै हुन्छन्, त्यसमाथि बुढेसकालमा अनायास आइलाग्ने यस्तै विविध कठिनाइको सकस प्राय: घरको साझा समस्या बनिरहेको छ । भन्नलाई त भनिन्छ, 'न्यास्रो मेट्न भिडियो च्याट र गर्जो टार्न पैसा पठाए पुगिहाल्यो नि !'

तर जन्मदाता र सन्तानबीचको सम्बन्धमा कुन त्यस्तो भौतिक वस्तु होला जसले यी दुईबीच सामीप्यको औचित्यपूर्ण विकल्प दिन सक्छ ? सन्तानको इच्छा र खुसीमा अवरोध गर्न सक्ने मन कुनै बाबुआमामा हुँदैन । छोराछोरीको विदेश जाने रहरका अगाडि पनि अभिभावकमा त्यही बाध्यता आइलाग्छ । आफ्ना सन्तान अध्ययनका लागि विकसित र सभ्य मुलुकमा पुग्नु सुरुआतमा कतिपय आमाबाबुका लागि त गौरवकै कुरा ठहर्ने गरेको पनि देखिन्छ तर पढाइको बहानामा बढेको भौतिक दूरी जीवनपर्यन्त लम्बिएला भन्ने के थाहा ? अहिले यही प्रश्न आफैंमाथि सोझ्याउँदै धेरै आमाबुबा सन्तानबिना वृद्धावस्थाको दिन गुजारिरहेका छन् ।

पढाइपछि स्वदेश फर्कने प्रण गरेका सन्तानलाई पनि उतैको प्रणाली र सेवासुविधाले लठ्याउँछ । देशको अस्थिर राजनीति, हरेक वर्ष बढिरहने शैक्षिक बेरोजगारी, युवावर्गलाई देशमै आकर्षित गर्ने योजनाको अभाव जस्ता पक्षहरूले बिदेसिनेहरूको विदेश बसाइलाई लम्ब्याउनै बल पुर्‍याइरहेको छ । विदेशी भूमिमा सुरुमा आफ्ना लागि संघर्ष गर्दागर्दै सन्तानको भविष्यबारे सोच्ने दिन आइसक्छ ।

सन्तानको हुर्काइ, बढाइ र पढाइपछि सुरु हुने करिअरलाई अन्तर्राष्ट्रिय मापदण्डमै ढाल्ने अभिलाषाका अगाडि वृद्ध आमाबाबुप्रतिको कर्तव्यलाई प्रधान ठानेर स्वदेश फर्किने सन्तानको संख्या नगण्य रहेको प्रस्टै छ । अवस्था सामान्य रहेका अभिभावकको जीवन त जेनतेन धानिएला तर अनेकौं दीर्घरोगले गाँजेकाहरूको कष्ट बयान गरी साध्य हुँदैन । त्यसमाथि डिमेन्सिया, अल्जाइमर, पक्षाघात, फदयाघातजस्ता असाध्यै पिरोल्ने रोगहरूबाट प्रभावित हुनेहरूको संख्या दिन-प्रतिदिन बढ्दो छ । राम्रो स्याहार-सुसार गर्ने परिवारको साथ जीवन गुजार्ने अवसर पाएका रोग प्रभावित बुबाआमाको सास्ती त अवर्णनीय देखिन्छ भने एकल र बेसहाराहरूको अवस्था के होला ? अनुमान गर्न गाह्रो छैन ।

विदेशीसँग वैवाहिक सम्बन्ध जोड्ने सन्तानका अभिभावकमा भाषागत समस्याले अझ बढी निराशा छाउने गरेको पाइएको छ । बुहारी वा ज्वाइँ विदेशी भइसकेपछि सन्तानको स्वदेश फर्कने सम्भावना शून्यप्राय: भैदिन्छ । बेलाबेला आवतजावतको स्थिति रहे पनि दुवैतर्फ हुने भाषागत अज्ञानताले पार्ने असहज अवस्था कम चोटिलो हुँदैन, आमाबुबाका लागि । एक जना चिनारु दिदीका छोरा वर्षौंपछि विदेशी पत्नि र छोरीका साथ केही महिनाको काम मिलाएर हालै स्वदेश फर्किएका छन् । आफ्ना दुवै छोरा विदेशमा भएकी ती दिदीका लागि कुनै छोरा र परिवारसँग केही समयसँगै बिताउन पाउनु अत्यन्तै हर्षको क्षण हुनुपर्ने हो । तर नेपाली भाषा फुट्टै नबुझ्ने बुहारी र अंग्रेजी नबुझ्ने सासूससुराबीच संवाद, आत्मीयताको कुनै गुन्जायस छैन न त खानपान, जीवनशैली र संस्कार नै मिल्दो छ ।

नेपाली परिवेशमा पनि आफ्नै देशको जस्तो जीवनशैली खोज्ने बुहारीलाई भाषाकै कारण सम्झाउन-बुझाउन दिदीले सकेकी छैनन्, न त बुहारीले भनेजस्तो जुटाइदिने सामर्थ्य र लगाव नै उनमा छ । यसैका कारण निश्चित समयका लागि परिवारसहित छोरा घर आउँदा पनि उल्लासभन्दा बढी हैरानी खेपिरहेको ती दिदीको अनुभूतिले दर्साउँछ । स्कुल जान थालेपछि विदेशमा हुर्किएका नातिनातिनासँगको संवाद पनि भाषाकै कारण पूर्णविराम लगाउनुपर्ने अवस्थामा पुग्छन् हजुरबा-आमाहरू । एक त भेटघाट नै गाह्रो, भेट भइहाले पनि संवादहीनताको स्थिति । स्नेह, अपनत्व र ममता दर्साउन आवश्यक हुने भाषा संकटमा परेपछि आत्मीयता कसरी बढ्न सक्छ ? सन्तानभन्दा बढी प्यारो ठानिने दरसन्तानसँग भाषागत समस्याले जसरी दूरी बढाउँदै लगिरहेको छ, त्यसबाट विक्षिप्त हुने हजुरबा-आमाको संख्या पनि त्यत्ति नै फराकिलो बन्दै गइरहेको छ ।

सुविधासम्पन्न देशमा पुग्ने सन्तानहरूका कारण सहरका घरहरू सुनसान भएझैं वैदेशिक श्रममा जान बाध्य युवाहरूका कारण गाउँका गाउँ रित्तिएका छन् । विशेषत: पुरुष सदस्य वैदेशिक श्रममा अनि महिला सदस्य सन्तानको राम्रो पढाइ-लेखाइका लागि सहर प्रवेशसंगै गाउँका घर कुर्ने अभिभारा ज्येष्ठ नागरिकहरूमै आएको छ । वृद्धावस्थाले गाँजिसक्दा पनि व्यावहारिक जिम्मेवारी कसैमाथि पर सार्ने अवस्थासमेत नपाउनु अझ ठूलो विडम्बना हो । कोभिडका कारण बितेका दुई वर्षमा लगभग १० लाख युवा काम छोडेर स्वदेश फर्किए ।

कोभिड कहरबीच पनि काखमा आइपुगेका सन्तानका कारण आमाबुबामा उल्लास फर्कियो भने विदेशमा सिकेका सीप बमोजिम गाउँमै पशुपालन, व्यावसायिक खेतीपाती, कुटीर उद्योग आदि सञ्चालन गर्ने उपक्रमले पहिलेका सुनसान गाउँहरू फेरि जागे । तर राज्यले युवा जनशक्तिलाई यहीं टिकाउन नसक्दा र वैदेशिक श्रम बजारले पुन: श्रमिक माग गर्न थालेसँगै बिदेसिने युवाहरूको संख्या पछिल्लो समयमा हवात्तै बढेको छ । वैदेशिक रोजगार कार्यालयका अनुसार, अहिले दैनिक २८ सय हाराहारीले श्रम स्वीकृति लिने गरेका छन् । साउनमा कतार, यूएई, साउदी अरब, कुवेत, मलेसिया लगायतका श्रम गन्तव्यका लागि स्वीकृति लिने ६३ हजारभन्दा बढी श्रमिकमध्ये महिलाहरू नै १० प्रतिशत हाराहारी रहेको तथ्यांकले देखाउँछ । युवा जनशक्ति बिदेसिएसँगै निम्तिएको पारिवारिक विचलन र यसबाट उत्पन्न हत्याहिंसाबाट घरपरिवार जसरी तहसनहस हुने शृंखला थपिएको छ, यी सबैको अत्यधिक मार पनि घरका ज्येष्ठ नागरिकहरूले नै बेहोर्नुपरेको छ ।

पछिल्लो समय श्रम बजार र अध्ययनका लागि बिदेसिनेहरूको लर्को देख्दा लाग्छ, एकाध वर्षपछि नेपाल युवाविहीन देश बन्न बेर छैन । पहिला देशमा स्नातकसम्मको अध्ययनपछि उच्च शिक्षा अध्ययनका लागि बाहिर जानेहरूको संख्या बढी हुने गर्थ्यो । आजभोलि १२ कक्षा सकिनासाथ बाहिर जानेहरूको संख्या प्रचुर देखिएको छ । हरेक घरबाट कलिला किशोर-किशोरी अनेक सपना सजाउँदै विदेश उडिरहेका छन् ।

कम उमेरमै विदेशिएपछि देशप्रतिको कर्तव्य र दायित्व पनि छिट्टै भुल्ने अवस्था रहन्छ । यसको बदला जुन देशमा आफूले संघर्ष गरेको हो, त्यसप्रति बढ्ता लगाव र आफ्नो मिहिनेतको प्रतिफल हासिलमा मात्र उनीहरूको ध्यान एकोहोरिन पुग्छ । यो देशका लागि दुर्भाग्य त हुँदै हो, हरेक घर र अभिभावकलाई निराशातर्फ धकेल्ने अध्याय पनि हो तर यसप्रति राज्य गम्भीर भएको देखिँदैन । विदेशी स्तरकै शिक्षा प्रणाली बसाल्न समय लाग्ला तर नेपालको शैक्षिक पद्धतिभित्रका कमजोरीहरूमा सुधारका साथै गरि खाने शिक्षाको लय बसाल्न सके मात्रै पनि धेरै विद्यार्थी देशमै रोकिनेमा शंका छैन ।

विद्यार्थीहरूका साथै देशको श्रमशक्तिलाई पनि स्वदेशमै टिकाउने अवस्था नल्याई देशको प्रगति सम्भव छैन । ज्यानको परबाह नगरी युवाशक्तिको रगत-पसिनामा हरेक आर्थिक वर्ष भित्रिने खर्बौं रेमिट्यान्समा गर्व गर्ने तर उनीहरूको अवस्थितिलाई बेवास्ता गर्ने सरकारको रवैया उत्तिकै आलोच्य छ ।

नेपाली श्रमशक्तिलाई देशभित्रै रोजागारी दिलाउने, सार्वजनिक र अन्य क्षेत्रका कार्यक्रमहरूमा रोजगारी सृजना गर्ने, वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई सीप अनुसारको व्यवसाय सञ्चालनमा सहजता र अनुदानका प्रतिबद्धता हरेक वर्षको बजेटमा दोहोरिन्छ तर कार्यान्वयन सबल नभएर ती नीति र कार्यक्रमले मूर्तरूप लिन सकेका छैनन् ।

यी सबैका कारण अध्ययन र श्रममा बिदेसिनेहरूलाई स्वदेश फिर्ती असहज बनिरहेको छ । यसबाट देशले कति घाटा बेहोरिरहेको छ, त्यसको परिणाम भविष्यमा दर्सिने नै छ तर सन्तान बिदेसिने हरेक घरका अभिभावकहरूको जीवनमा यसका नकारात्मक प्रभाव, असहजता र निराशाहरू हरेक दिन प्रतिविम्बित भइरहेका छन् । यसप्रति राज्यको चासो कहिले जाला ?

*-साभार: इकान्तिपुर*

# 'जनता लाभान्वित हुने काम गर्नुपर्छ'

महालक्ष्मी उपाध्याय 'डीना' । यो नाम मकवानपुरको लागिमात्रै होइन, नेपालकै राजनीतिमा एउटा स्थापित नाम हो । विद्यार्थी आन्दोलन होस् या महिला आन्दोलन, हरेक समयमा सशक्तरुपमा आफ्नो आवाज बुलन्द पार्ने गरेकी मकवानपुरे नेता डीना नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री हुन् । कांग्रेसको १४ औं महाधिवेशनबाट सहमहामन्त्रीमा निर्वाचित उनले अर्थशास्त्रमा स्नातकोत्तर तहसम्म अध्ययन गरेकी छन् । स्वतन्त्र विद्यार्थी युनियन पद्मकन्या क्याम्पसकी पूर्वसभापति उनले विगतमा तरुण दल र नेपाल महिला संघमा रहेर पनि काम गरिसकेकी छन् । विद्यार्थी कालदेखि नै राजनीतिमा सक्रिय उनी संविधानसभा निर्वाचन अगाडिसम्म जलस्रोत राज्यमन्त्री थिइन् । आगामी २०७९ मंसिर ४ गते हुन लागेको निर्वाचनमा उनी मकवानपुरको प्रतिनीधिसभाको दुबै निर्वाचन क्षेत्रबाट उम्मेदवार सिफारिस भएकी छन् । विगतको केहि निर्वाचनमा पराजयको नमिठो स्वाद चाखेकी उनी आगामी निर्वाचनमा मकवानपरे जनताबाट अनुमोदित हुने अपेक्षासहित चुनावी मैदानमा होमिएकी छन् । नेपालको संविधान निर्माण र संविधानमा महिलाहरुको समावेशी सहभागिताको लागि महत्वपूर्ण भूमिका खेलेको कारण पनि आफूलाई जनताले मत दिएर अनुमोदित गर्ने उनी बताउँछिन् । प्रस्तुत छ, आसन्न प्रतिनीधिसभा निर्वाचनको सम्बन्धमा केन्द्रित रहेर साझाकुराकर्मी श्रीजना नेपालले नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'सँग गरेको कुराकानी: ______________________________



## महालक्ष्मी उपाध्याय डीना
### (सहमहामन्त्री, नेपाली कांग्रेस)
### विशेष कुराकानी

***१. निर्वाचनको तयारी कसरी गर्दै हुनुहुन्छ ?***

निर्वाचनको तयारी सधैं नै भइरहेको छ । २०७४ सालको निर्वाचन हारेदेखि २०७९ सालको निर्वाचनको तयारीमा सधैं जुटिराखेको छु । अहिले आएर मात्रै तयारी गरेको होइन ।

***२. आसन्न निर्वाचनमा सहभागी हुने तयारी गरिरहँदा विगतको निर्वाचन र हारलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?***

पटक-पटक निर्वाचन हारेको भएता पनि जनताले हौसला भने दिइरहनु भएको छ । मैले जनताबाट अत्यन्त सम्मानजनक मत पाएको हुँदा त्यो हौसला अहिलेसम्म पनि रहिरहेको छ । मैले जनताको साथ, सहयोग र सद्भाव सधैं पाइरहेको हुनाले मैले निरन्तररुपमा काम गर्न पनि सकिरहेको छु । मतको हिसाबले म केहि पछि परें होला तर, यहाँको जनताहरुको मप्रतिको सद्भाव र सहयोग ठूलो छ ।

***३. तपाईले पार्टीभित्र होस् या बाहिर नेपालको राष्ट्रिय राजनीतिमा महिलाको सवाल सशक्त ढंगले उठाउँदै आउनु भएको छ । त्यसैले तपाईको अनुभवमा अझैपनि महिला भएकै कारण पछि पर्नुपर्ने अथवा हार्नुपर्ने अवस्था छ ?***

तपाईंले भन्नु भएको जस्तो विगतमा थियो । तर, अहिले बिस्तारै परिवर्तन हुने क्रममा मानसिक रुपमा मानिसहरु परिवर्तन भएको मैले महशुस गरेको छु । स्थानीय तहको निर्वाचन र गएको निर्वाचनलाई हेर्दा पनि त्यो देख्न सकिन्छ । विगतको निर्वाचनमा गठबन्धनसँग मैले पाएको मतलाई हेर्ने हो भने मैले चुनाव जितेको नै हो । त्यसैले महिलालाई भोट नहाल्ने भन्ने मनस्थिति मतदाताको छैन । तर, तपाईले भन्नुभएको जस्तो नेतृत्वमा महिलालाई हेर्ने र नेपालको संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्नमा हिच्कचाहट भएको चाँहि नेतृत्व तहमा मैले महशुस गरिरहेको छु । त्यसैकारण मैले आफ्नो पार्टीको नेतृत्व र विभिन्न राजनीतिक पार्टीको राष्ट्रिय तहमा बस्नु भएका पदाधिकारी, केन्द्रीय सदस्यहरु, साथीहरुसँग धेरै छलफल गरेर यसलाई कसरी परिवर्तन गर्न सकिन्छ । महिलाहरुको सहभागितालाई संविधानले जसरी अधिकार दिएको छ त्यसलाई कसरी कार्यान्वयन गर्ने हामीले धेरै बहस पनि गरिरहेका छौँ । अहिलेको मूल एजेण्डा भनेको संविधानले दिएको समानुपातिक सहभागिताको सुनिश्चितता हो । यसैको लागि पनि मैले आफ्नो ठाउँमा प्रत्यक्ष रुपमा निर्वाचनमा भाग लिने निर्णय गरेको हुँ ।

***४. तपाई चुनावमा होमिने तयारी गरिरहँदा के कस्तो एजेण्डा अगाडि सार्नु भएको छ ?***

मकवानपुरको विषयमा पुराना पनि धेरै एजेण्डाहरु छन् । मैले धेरै लामो समयदेखि जनसंख्या र विकासको क्षेत्रमा काम गरे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतसम्म मैले यो क्षेत्रमा काम गरेको छु । अहिले विकास निर्माणको कामलाई हामीले हेर्दा विकास सडकमात्रै होइन शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता कुरा पनि हुन्छ । समग्र मानव जीवनको पद्धतिको कुरालाई कसरी परिस्कृत गरेर लैजाने भन्ने कुरा नै महत्वपूर्ण कुरा हो । अहिले विकासको नाममा ठूला ठूला बाटो बनाउने काममात्रै भएको छ । बाटो विकासको एउटा मेरुदण्ड त हो तर, त्यो बाटोलाई हामीले सम्झिरहँदा त्यहाँ बस्ने जनताको आवश्यकता अरु के-के हुन् त ? स्वास्थ्यको पहुँच कतिको छ ? शिक्षाको पहुँच कतिको छ ? भन्ने हामीले समन्वयात्मक भूमिकाबाट जोडेर लैजान नसकेको अवस्था छ । आज पनि मकवानपुर साँच्चिकै दीयोमुनिको अँध्यारो भनेको जस्तै राजधानीमुनिको अँध्यारो अवस्थामा नै छ । मकवानपुर राजधानीको पनि राजधानी भइसक्यो तर, यस्ता गम्भीर र सान्दर्भिक कुराहरुमा अहिलेसम्मको प्रतिनिधित्वले काम गर्न नसकेको अवस्था छ । नेपालको संविधानले दिएको अधिकार तीन तहमा जसरी हामीले सिंहदरबारको अधिकार गाउँघरमा भनिरहेका छौँ । त्यहाँको जनता लाभान्वित भए कि भएनन् भन्ने कुरा सोचेर उहाँहरुको जीवन पद्धतिलाई परिस्कृत गरेर लाभान्वित गराउने काम अझै सशक्त रुपमा लैजानु पर्दछ भन्ने मलाई लागेको छ । अहिलेको जनताको माग पनि यहि नै हो । रोजगार भएन, हामीले चाहेको शिक्षा भएन, हामीले चाहेको स्वास्थ्य कहाँ प्राप्त गर्ने ? भन्ने उहाँहरुको कुरा छ । बाटोघाटोले विकासको कामलाई अगाडि बढाएको छ । तर, हामी अझैपनि सानातिनो बिरामी हुँदा पनि काठमाडौं धाउनुपर्दा गाउँमा हाम्रो पहुँच के भयो त ? हाम्रो गाउँको स्वास्थ्य सेवालाई कसले हेर्ने त ? भन्ने आवाजहरु आइरहेको छ । त्यसैले यी कुराहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ, भोलि संसद्मा जाँदै गर्दा यो विषयवस्तुहरुलाई कानुनत: अझै परिवर्तन गर्नुछ संशेधन गर्नुछ भने कानुन निर्माणमा म स्वत: भइहाल्छु । र त्यो कुरालाई तीनै तहको सरकारलाई सजग र सतर्क बनाउँदै जाँदा जनताको पहुँचलाई त्यो ठाउँमा पुर्‍याउने काममा प्रशस्त भूमिका खेल्ने मेरो अठोट छ ।

***५. जनताले डीना उपाध्यायलाई किन भोट हाल्ने ?***

मैले माग्ने मत भनेको संविधान निर्माणमा मेरो महत्वपूर्ण भूमिका छ । समावेशी राजनीतिलाई मूल ठाउँमा राखेर मुख्य एजेण्डको रुपमा हामीले धेरै आवाजहरु उठायौं । आजको संविधानमा जति पनि अधिकारहरु प्रत्यायोजित भएको छ, त्यो समावेशी राजनीतिलाई हामीले अगाडि बढाएका हौं । त्यहिअनुसार समाजको विकास र परिवर्तन हुनुपर्छ भन्ने मेरो एजेण्डा हो । जसमा समावेशीमा सम्पूर्ण जातजातिको अधिकारको लागि पनि मैले लडेको छु । विशेषगरी महिलाको लागि आजसम्म महिलाहरु हिंसाको कारण, आवश्यक शिक्षाको अभावको कारण, स्वास्थ्यमा पहुँच नभएकोलगायत कारण जसरी पीडित भएर बस्नुभएको थियो । यी कुराहरुलाई मध्यनजर गर्दै आवाज उठाउँदै आएको हुनाले म उभिएको छु र मलाई विश्वास छ, मैले उठाएको एजेण्डालाई कार्यान्वयन गर्ने पक्षमा पनि मैले काम गर्न सक्छु । त्यसैले मलाई मत दिनु भनेको संविधानले, नीतिले, नियमले दिएको उपलब्धिलाई कार्यान्वयन गर्नु हो ।

***६. तपाईं मकवानपुरको दुवै प्रतिनिधिसभाको निर्वाचन क्षेत्रबाट सिफारिस हुनुभएको छ । उम्मेदवारी चाँहीं कुन क्षेत्रबाट दिने सोचमा हुनुहुन्छ ?***

२०७४ सालको चुनावमा म २ नम्बर क्षेत्रबाट उठेको हुँ । त्योभन्दा अगाडि चुनाव उठ्दा चाँहि यो क्षेत्र ३ वटा क्षेत्रमा थियो । त्यतिबेला हेटौंडा बजार नै मेरो मूल ठाउँ हो । त्यसकारणले हिजोको दिनमा राप्रपा र नेपाली कांग्रेसको गठबन्धन हुँदा १ नम्बरबाट कमल थापा उठ्दै गर्दा म अर्को क्षेत्रबाट उठेको हुँ । त्यो बेला पनि केहि गाउँपालिकाहरु मेरो लागि नयाँ नै थियो । तर, मैले चुनाव हार्छु भन्ने थाहा हुँदा हुँदै पनि जनताको माझ मेरो आफ्नो बिचार लिएर गएँ । अहिले अब फेरि गठबन्धन रहेको छ । गठबन्धनको कुरा भइरहँदा हामीलाई भागवण्डामा जुन क्षेत्र पर्छ, म त्यहि क्षेत्रबाट उठ्न तयार छु । विशेषगरी बजारका साथीहरुले मलाई यहि क्षेत्रमा उठ्न पनि आह्वान गर्नुभएको छ । त्यसकारण प्रवल सम्भावना १ नम्बर क्षेत्र नै हुने मैले सोचेको छु । दुवैतिरबाट साथीहरुले माया गरेर दुबैतिर यता आउनूस् भनेर बोलाइरहनुभएको छ । पार्टीसँग सल्लाह गरेर पार्टीको निर्णयबमोजिम म उम्मेदवारी दिन्छु ।

***७. नेपालको राजनीतिलाई हेर्दा एकपटक चुनाव हारेपछि फेरि निरन्तर मैदानमा होमिने कम देखिन्छन् । तर, तपाई बारम्बार निर्वाचन हारेर पनि मैदान छोडेर जानुभएन, निरन्तर लागिरहनु भयो । यो कसरी सम्भव भयो ?***

मेरो कर्म क्षेत्र नै यहि भएको हुनाले मैले निरन्तरता दिइरहें । हिजोको दिनमा संविधानसभामा हुँदा त्यता काम हुन्थ्यो र म त्यता जान्थें । विगत पाँच वर्षदेखि मेरो काम पनि भएन । म विभिन्न सामाजिक संघसस्था र सहकारीहरुमार्फत् जनतासँग प्रत्यक्षरुपमा जोडिरहेको छु । चुनाव हारेपछि पनि निरन्तर पाँच वर्ष मैले आफ्नै जिल्लामा रहेर जनतासँगै बसेर काम गरिरहेको छु ।

***८. आगामी निर्वाचनमा कतिको चुनौती देख्नुहुन्छ ?***

राजनीतिमा चुनौती सधैं हुन्छ । चुनौतीलाई नै सामना गर्दै अगाडि बढ्ने हो । अघिल्लो निर्वाचनमा एमाले माओवादीसँगै थिएँ । अहिले हामी गठबन्धनमा छौं । त्यसैले चुनौतीसँगै अवसर पनि छन् । फरक विचारधारा भएपनि हामी लोकतन्त्रलाई बलियो बनाउन एकै ठाउँमा उभिएका छौं । जनताको चाहना पनि लोकतन्त्रलाई स्थापित गर्ने नै छ ।

# स्वस्तिमाले एन्जेलिना जोलीको कपी गरेकी हुन् ?

विदेशी फिल्मबाट कथादेखि सिनसम्म चोरचार गरेर नेपाली फिल्म बन्न अझै छाडेका छैनन् । पोस्टर समेत विदेशी फिल्मबाट कपी गरिन्छ । त्यसैले पनि नेपाली फिल्मले वर्षौंदेखि चोरीको आरोप खेप्दै आएको छ । मेकरले मात्र होइन कलाकारहरुले समेत विदेशी कलाकारको अभिनय शैली र स्टाइल पछ्याउने गरेका हुन्छन् । तर, नक्कल गर्न पनि अक्कल नजानेपछि आलोचित बन्ने गर्छन् ।

अहिले अभिनेत्री स्वस्तिमा खड्काको एक फोटोसुटलाई पनि चोरीको आरोप लागेको छ । उनले दुई हातमा पेस्तोल बोकेर एक्सन मूडमा फोटोसुट गरेको एक प्रति आइतवार फेसबुकमा राखेकी छन् । हलिउड फिल्म 'टम्ब रेइडर'मा अभिनेत्री एन्जेलिना जोलीले निर्वाह गरेको क्यारेक्टरबाट स्वस्तिमाको फोटोसुट डिट्टो कपी देखिन्छ । यसैले उनको फोटोसुट यतिबेला व्यापक ट्रोल बनेको छ । उनको पोस्टमा प्राय:ले व्यंग्यपूर्ण कमेन्ट गरेका छन् । कतिले एन्जेलिना जोलीबाट प्रभावित भनेका छन् भने कतिले बन्दुक देखेर बाल्यकालको सम्झना आएको उल्लेख गरेका छन् । हुन पनि स्वस्तिमाले बोकेका बन्दुक बच्चाको खेलौना जस्तो देखिन्छ । यही हो, नक्कल गर्न अक्कल नजान्नुको परिणाम । कतिपयले स्वस्तिमाको फोटोसुटलाई पब्जीको नयाँ क्यारेक्टर भनेर व्यंग्य गरेका छन् । उनले म्यागजिनका लागि यो फोटोसुट गराएकी हुन् । तर, एन्जेलिना जोलीले फिल्ममा निर्वाह गरेको क्यारेक्टरबाट प्रभावित भएर स्वस्तिमाले किन फोटोसुट गराइन् ? धेरैलाई चासोको विषय बनेको छ । कतै उनलाई 'टम्ब रेइडर'मा एन्जेलिनाको क्यारेक्टर मन पर्ने भएर त होइन ? तर, उनी जस्तो अब्बल अभिनेत्रीलाई कुनै विदेशी कलाकारबाट प्रभावित भएर फोटोसुट गर्न शोभा दिँदैन । *-साभार: फिल्मीखबर*



# वनमन्त्री यादव र राजदूत अहमदबीच 'कोप-२७' बारे छलफल

काठमाडौं, २७ भदौ (रासस)/ वन तथा वातावरणमन्त्री प्रदीप यादव तथा नेपालका लागि इजिप्टका राजदूत नोहाहाम्दी अहमदबीच सोमबार मन्त्रालयमा भेटवार्ता तथा छलफल भएको छ । उनीहरुका बीचमा जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय सम्मेलन (कोप-२७) मा नेपालको सहभागिता र सो सम्मेलनसँग सम्बन्धित अन्य समसामयिक विषयमा छलफल भएको हो । जलवायुसम्बन्धी उक्त राष्ट्रसंघीय सम्मेलन कोप-२७ इजिप्टको शर्म-अल-शेखमा सन् २०२२ नोभेम्बर ७ देखि १८ सम्म आयोजना हुँदैछ । सो सम्मेलनमा नेपालले पनि सहभागिता जनाउँदैछ । सोमबार भएको उक्त भेटका क्रममा राजदूत अहमदले कोप-२७ मा सहभागिताका लागि मन्त्री यादवलाई आग्रह गरेको थियो । मन्त्री यादवले कोप-२७ मा नेपालका तर्फबाट एक उच्चस्तरीय टोली सहभागी हुने र त्यसका लागि तयारी भइरहेको जानकारी राजदूतलाई गराएको थियो ।


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
हेटौँडा, नेपाल

**तालिम कार्यक्रम संचालन गर्नको लागि आशय पत्र माग गरिएको सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२७)*

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौँडा नेपालबाट आ.व. २०७९/०८० को लागि विभिन्न किसिमका रोजगारमुलक, स्वरोजगारमुलक, बैदेशिक रोजगार, उद्यमशिलता विकास, क्षमता अभिवृद्धि तथा अन्य विषयहरुका सीप विकास तालिम तोकिएको विषय, लक्षित वर्गका, अवधि, समूह, संख्या र स्थानमा गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था वा कम्पनीहरुसंग आशयपत्र माग गरिएको छ ।
२. प्रस्तावित तालिम कार्यक्रमको खर्च प्रदेश सरकारको श्रोतबाट व्यहोरिनेछ ।
३. तालिमको क्षेत्र
(क) कृषि क्षेत्र (ख) होटल व्यवस्थापन तथा पर्यटन क्षेत्र (ग) सुरक्षा गार्ड (घ) निर्माण क्षेत्र (ङ) सेवा तथा अन्य क्षेत्र
४. तालिम संचालन गर्नुपर्ने स्थान: मकवानपुर, चितवन, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर, र ललितपुर ।
५. आशयपत्रदाता फर्म, संस्था वा कम्पनीको योग्यता देहाय बमोजिम हुनुपर्ने छ ।
(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता/नवीकरण भएको (ख) स्थाई लेखा नं. र मू.अ.करमा दर्ता भएको (ग) समान प्रकृतिको काममा विगत ५ वर्ष देखि संस्थागत कार्य गरेको अनुभव भएको (घ) प्राविधिक आर्थिक क्षमता, अनुभव र योग्यता सम्बन्धित विषयको तालिम दिलाउने कामको लागि ग्राह्य भएको (ङ) आशयपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको उद्धेश्य सम्बन्धित तालिम संचालन गर्न मिल्ने देखिएको (च) कुनै निकायबाट स्वीकृति लिई संचालन गर्नुपर्ने तालिमको हकका सो निकायबाट स्वीकृति लिएको ।
६. आशयपत्रदाताले पेश गर्नुपर्ने कागजात र विवरण देहाय अनुसार हुनेछ ।
(क) फर्म, संस्था वा कम्पनीहरुको विवरण संगठन र जनशक्ति (ख) संयुक्त उपक्रममा कार्य गर्ने भए मुख्य र साझेदार कम्पनी (एक मात्र)को नाम, ठेगानासहितको विवरण र मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम र सम्पादन गर्ने कामको अंश (ग) फर्म संस्था वा कंपनीको दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. र मू.अ.करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि (घ) विगत १ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण (ङ) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण (च) आ.ब. २०७७/२०७८ वा नविकृत अवधि सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र सोही आ.ब.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि (सुचिकृत भएमा) आर्थिक प्राविधिक प्रस्ताव पेश गर्दा आ.ब. २०७८/०७९ को कागजात पेश गर्नुपर्नेछ ।
७. आशयपत्रदाताको योग्यता, अनुभव र क्षमताको मूल्याङ्कन गरी केन्द्रले सम्बन्धित परामर्श सेवा दिन सक्ने योग्य आशयपत्रदाताको छनौट गरी संक्षिप्त सुची तयार गर्नेछ । संक्षिप्त सुचीमा परेका फर्म, कम्पनी संस्थाबाट मात्र परामर्श सेवा प्राप्त तालिम कार्यक्रम संचालन गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ ।
८. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समय २०८० जेष्ठ मसान्त सम्म रहनेछ ।
९. आशयपत्र पेश गर्ने फर्म, कम्पनी र संस्थाहरुले एक भन्दा बढी विषयको लागि छुट्टाछुट्टै आशयपत्र पेश गर्नु पर्नेछ ।
१०. आशयपत्र सम्बन्धी प्रस्ताव फाराम यस केन्द्रको प्रशासन शाखाबाट रु.१,०००। (रुपैया एक हजार मात्र, फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ । यसका लागि पत्रसहित संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नं. र मू.अ.करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
११. यो सूचना प्रकाशित मितिले १५ दिन भित्र यस केन्द्रमा कार्यालय समयभित्र आशयपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ । अन्तिम मितिको दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा दर्ता गर्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी प्राप्त आशयपत्र उपर कुनै कारबाही हुने छैन ।
१२. आशयपत्रदाताहरुबाट पेश गरिने कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरिएको हुनुपर्ने छ ।
१३. आशयपत्र कुनै कारण जनाई वा नजनाई छनौट र सुचिकृत गर्ने वा नगर्ने अधिकार केन्द्रमा निहित रहनेछ ।
१४. अन्य थप जानकारीको लागि यस केन्द्रको सम्पर्क नं. ०५७-४१२७१६ मा सम्पर्क गर्न सकिनेछ ।

**युवराज गुरुङ्**
केन्द्र प्रमुख


# हेटौंडामा टिभिएसको ग्राण्ड एक्सचेन्ज मेला लाग्ने

हेटौंडा, २७ भदौ/ बागमती प्रदेशको राजधानी हेटौंडा बजारमा टिभिएसको ग्राण्ड एक्स चेन्ज मेला लाग्ने भएको छ ।

हेटौंडा-४ स्थित रानीदरबार अगाडि नयाँ बन्दै गरेको टिभिएसको स्वरुमको आँगनमा भदौ २९ देखि असोज ३ गतेसम्म टिभिएसको ग्राण्ड एक्सचेन्ज मेला लाग्ने भएको हो ।

टिभिएसको आधिकारिक विक्रेता हेटौंडा अटो मार्टको आयोजना तथा जगदम्बा मोर्टसको समन्वयमा ग्राण्ड एक्स चेन्ज मेला लाग्न लागेको जनाइएको छ । हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बरुवालले ग्राहकले कुनै पनि कम्पनीको पुरानो साधन साटेर टिभिएसको मोटरसाइकल वा स्कुटर चढन सक्ने जानकारी दिए । उनको अनुसार टिभिएसले भदौ २० गते देखी नै लागू हुने गरी मुख्य चाडपर्व लक्षित 'कायापलट' नामको विशेष योजना पनी सार्वजनिक गरेको छ । यो योजनाअर्न्तगत् टिभिएसको कुनै पनि मोडल खरिद गर्दा पाँच पटकसम्म पुरस्कारहरु प्राप्त गर्न सक्ने छन् ।

खरिद गर्नुअघि नै १ लाख र खरिदपछि १० लाखसम्मको नगद प्राप्त गर्न सकिने साथै हरेक दिन योजना बारे सोधपुछ गर्न एकजना भाग्यशाली बिजेतालाइ रिएल मिसि ३० स्मार्ट मोबाइल उपहारको व्यवस्था गरिएको टिभिएसले जनाएको छ । साथै भाग्यसाली एक जनालाइ बम्पर उपहार रु ५० लाख नगद पुरस्कार उपलब्ध गराइने उनले जानकारी दिए । मेलामा ग्राहकले आफ्नो सवारी साधनको एक्सचेञ्ज गर्दै पुरानो साधनको बजार मूंल्याकन भन्दा ७००० थप प्रदान गरिने 'बबाल फाइनान्स स्किम'अर्न्तगत् न्यूनतम २० प्रतिशत डाउनपेमेन्ट तथा मासिक जम्मा ४२७७ रुपैयाँमा 'स्पट फाइनान्स' सुबिधालगायत अन्य धेरै उपहार समेत प्रदान गरिने बताइएको छ ।

६ दिने उक्त कार्यक्रममा १०० वटा नयाँ टिभिएसको बिक्री गरिने लक्ष्य लिएको र सो लक्ष्य सहजै पुरा हुने सञ्चालक बरुवालको दावी छ । हाल टिभिएसका न्यूनतम १ लाख ४२ हजारदेखी ८ लाखसम्मको विभिन्न मोडलका मोटरसाइकल तथा स्कुटीहरु बजारमा उपलब्ध छन् ।

# १६ वर्षपछि पक्राउ

काठमाडौं, २७ भदौ (रासस)/ नेपाल प्रहरीले ज्यान मार्ने उद्योगमा फरार एक जनालाई १६ वर्षपछि पक्राउ गरी जेल चलान गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले विसं २०६३ साउन २ गते काठमाडौं महानगरपालिका वडा नं ३२ कोटेश्वर चोकमा मनोज खड्काको हत्यामा संलग्न कुमार तामाङ भन्ने राजकुमार मगरलाई पक्राउ गरी आइतबार डिल्लीबजार कारागार चलान गरेको हो ।

साथीको जन्मदिन मनाउने क्रममा झगडा हुँदा विसं २०६३ साउन २ गते राति १० बजे गम्भीर घाइते भएका खड्काको भोलिपल्ट बिहान ५ बजे उपचारका क्रममा मृत्यु भएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले कर्तव्य ज्यान मुद्दामा पक्राउ परेका मगरलाई जिल्ला अदालतको आदेशानुसार कारागार चलान गरेको जानकारी दिए ।

प्रवक्ता मैनालीका अनुसार कर्तव्य ज्यान मुद्दामा फरार रहेका मगरलाई विस २०७९ साउन ३० गते कतार प्रहरीको सहयोगमा पक्राउ गरी काठमाडौं ल्याइएको हो । जिल्ला अदालतको आदेशअनुसार मगरलाई आइतबार डिल्लीबजार कारागार चलान गरिएको प्रवक्ता मैनालीले बताए ।

# 'डोजरले पहाड भत्काउने मात्रै विकास हैन'

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले विकास भनेको डोजरले पहाड भत्काउनु मात्रै नभएको बताएका छन् ।

हेटौंडामा सोमबार युएनडीपीले प्रकाशित गरेको 'मानव विकास प्रतिवेदन अनिश्चित समय, अस्थिर जीवन: परिवर्तन विश्वमा हाम्रो भविश्य' बारेको प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले नागरिकको अवस्था फेर्नु नै विकास भएको बताए ।

विकास भनेको डोजरले पहाड भत्काउने मात्र बुझ्न नहुने बताए । सबै नागरिकलाई हातमुख जोहोको व्यावस्था गर्नु, रोजगारीको सृजना गर्नुपनि विकास हो भन्ने कुरा सबैले सिक्नुपर्ने उनको भनाइ छ । आर्थिक रुपमा कमजोर राष्ट्र रहेकाले नै नेपालमा अरुका नीति नियम लागू हुने र थिचोमिचो रहने बताए ।

नेपालका हरेक काममा विदेशीको मुख ताक्नुपर्ने अवस्था रहेको मुख्यमन्त्री पाण्डेले दु:खेसो पोखे । विदेशी कम्पनीसँग मिलेर मल कारखाना खोल्न प्रदेश सरकार लागिपरेको पाण्डेले बताएका छन् । प्रदेश सरकारले किसानका लागि हरेक हिसावले प्रोत्साहन गर्ने कार्यक्रम ल्याएको बताए ।



मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डाक्टर विश्वराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा युएनडीपीले 'मानव विकास प्रतिवेदन अनिश्चित समय, अस्थिर जीवन: परिवर्तन विश्वमा हाम्रो भविश्य' प्रतिवेदन सार्वजनिक गरेको छ ।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर कृष्णराज पन्त, प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डाक्टर शरणकुमार पाण्डे, मकवानपुरगढी गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रिन नेपाली, मकवानपुर उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष उत्तम शर्मा ढकाल, महिलावादी दलित संगठन मकवानपुरका मन्जु रोक्कालगायतकाले आफ्ना धारणा राखेका थिए ।

# हेटौंडा-१ मा उद्यमशिलता तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ मा रहेका महिलाहरुलाई नेतृत्व एवम् क्षमता विकास र उद्यम विकाससम्बन्धी पाँच दिने तालिम तथा सचेतना कार्यक्रम सोमबारदेखि सुरु भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा नगरस्तरीय महिला जागरण समूहको संयोजनमा भएको तालिम उद्घाटन गर्दै वडा नं. १ का अध्यक्ष सविन न्यौपानेले महिलाहरुले धेरै खालको तालिमहरुमा सहभागी हुने तर व्यवहारमा नउतार्दा सरकारी लगानी खेर गइरहेको बताए ।

'महिलाहरु तालिम लिने भनेपछि तँछाड मछाड गर्छन् तर, तालिममा सिकेको सीप आयआर्जनमा लगाउँदैनन्', अध्यक्ष न्यौपानेले सिकेको सीपलाई व्यवहारमा उतारेदेखि धेरै महिलाहरु स्वरोजगार हुन सक्ने बताए ।

स्थानीय सरकारले महिलाहरुको क्षेत्रमा धेरै लगानी गरेपनि त्यसको उचित सदुपयोग हुन नसकेकोमा गुनासो पोख्दै अध्यक्ष न्यौपानेले अब लिने तालिमलाई जीवन परिवर्तनको कडिको रुपमा लिन आग्रह गरे ।

नगरस्तरीय महिला जागरण समूहका सदस्य तारा ढुंगानाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर कार्यपालिका सदस्य ईश्वरी रसाईली, पूर्व वडा सदस्य सोमलाल स्याङ्तान, टोल विकास वडा समन्वय समिति संयोजक रुपा ढुंगाना, स्वावलम्बी टोल विकास संस्थाका अध्यक्ष जुना मल्ल, नेपाल रेडक्रस सोसाइटी मकवानपुरका कार्यालयका प्रमुख लक्ष्मण भट्टराई, सहभागी सरस्वती श्रेष्ठ, लक्ष्मी आचार्यलगायतले तालिमको महत्वबारे प्रकाश पारेका थिए ।

# हेटौंडाको इतिहाससँग जोडिएको घाँसी कुवा संरक्षणमा जागे स्थानीय

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ हेटौंडामा पछिल्लो समय पानीको स्रोतहरु माँसिदै जाने सम्भावना र भविष्यमा आइपर्ने पानीको अभावलाई मध्यनजर गर्दै नगरभित्रै घाँसी कुवाको संरक्षण थालिएको छ ।

हेटौंडा उपमहानगरपालिका-२ मा जागरुक स्थानीयहरुले वनस्खण्डी सामुदायिक वन क्षेत्रमा घाँसी कुवाको संरक्षण सुरु गरेका हुन् । जसका लागि आवश्यक विरुपाहरु रोपिएको छ । २ नम्बर वडास्थित वन क्षेत्रमा रहेको घाँसी कुवाको पानी हेटौंडा नगरको विकासको बेला स्थानीयहरुले पिएको इतिहास छ । स्थानीय वृद्धहरुका अनुसार २०११ सालदेखि पिउनको लागि हेटौंडाको बुद्धचोक सम्मका स्थानीयले यहाँको कुवाको पानी पिउने गरेको भनाइ छ । पिउने पानीको धाराको व्यवस्था नहुँदा यहाँकै पानी पिउने तथा लुगाधुने र नुहाउनको लागि प्रयोग गर्ने गरिएको स्थानीयहरु बताएका छन् ।

घाँसी कुवा संरक्षण गर्न स्थानीयहरुले वन क्षेत्रमा सरसफाई तथा वृक्षारोपण गरेका हुन् । कुवा वरिपरि रहेको झाडी सरसफाई गरिएको छ भने कुवालाई संरक्षण गर्न विभिन्न प्रजातिका विरुवा रोपिएको हो । स्थानीयहरु घाँसी कुवा संरक्षण समिति नै बनाएर अगाडि बढेका छन् । उनीहरुले लप्सी, अमला, बेल, निम, फलफुल तथा फुलका विरुवाहरु रोपेका छन् । स्थानीयहरुलाई जिल्ला वन कार्यालय मकवानपुरले विरुवाहरु उपलब्ध गराएको थियो । वनस्खण्डी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भवसागर श्रेष्ठले वनस्खण्डी सामुदायिक वन क्षेत्रभित्र रहेको ऐतिहासिक घाँसी कुवा क्षेत्रलाई सबै मिलेर संरक्षण गर्नुपर्ने बताए ।

२ नम्बर वडाका वडा सदस्य इन्द्र प्रसाद रिजालले पुराना दिन स्मरण गर्दै गोठालो जाँदा र आमाहरु जंगल जाँदा घाँसीकुवाको पानी पिउने गरेको सुनाए । कुवाको महत्वबारे नयाँ पिढीलाई जानकारी दिँदै यसको संरक्षणमा उनीहरुको पनि सहभागिता गराउनुपर्नेमा रिजालको भनाइ छ ।

स्थानीय लक्ष्मी प्रसाद लामिछानेले घाँसी कुवा हेटौंडाको इतिहाससँगै जोडिएको बताए । उनले विगतमा बुद्धचोकदेखिका स्थानीयवासी यस कुवामा पिउने पानी लिन आउने गरेको बताए ।

# थप दुईवटा अध्यादेश जारी गर्दै प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेश सरकारले थप दुईवटा अध्यादेश जारी गर्ने निर्णय गरेको छ । संसद अधिवेशन अन्त्य गरेको प्रदेश सरकारले यसअघि पनि दुईवटा अध्यादेश जारी गरिसकेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले थप दुईवटा अध्यादेश जारी गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको हो ।

सरकारले प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारको प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए । प्रतिपक्षीसँगको दुरिको कारण संसद स्थगित गरेको सरकारले अध्यादेशबाटै काम चलाउन थालेको छ । गठबन्धन नेतृत्वको वर्तमान सरकारले पाँच महिनाको अवधिमा ७ वटा अध्यादेश जारी गरिसकेको छ भने थप दुईवटा अध्यादेश जारी गर्न सिफारिस गर्ने निर्णय गरेको छ ।



सोमबारको मन्त्रिपरिषद् बैठकले तामाङ र नेवारी भाषालाई प्रदेशको कामकाजको भाषा बनाउने पनि निर्णय गरेको मन्त्री खनालले जानकारी दिए । त्यस्तैगरी गत आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेटकबाट भएको कामको भुक्तानीको सम्बन्धमा सर्भर डाउन भएर रोकिएको भुक्तानी प्रक्रिया पुऱ्याएर गर्ने पनि निर्णय भएको छ । मन्त्री खनालको अनुसार बैठकले प्रदेश औद्योगिक नियामावली स्वीकृत गर्ने पनि निर्णय गरेको छ ।

# पढ्दै कमाउँदै कार्यक्रम, १० लाख रुपैयाँ दिइने



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ एक वर्षअघिदेखि नयाँ व्यवस्थापनमा सुरु गरिएको हेटौंडा-१० स्थित तुलसी मेहर मेमोरियल स्कुल र नारायणी कलेजले पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

सार्क एजुकेसन फाउण्डेसनले नयाँ व्यवस्थापनमा स्कुल तथा कलेजलाई सञ्चालन गरिरहेको छ । नारायणी कलेजले स्नातकमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी दिएको छ । कलेजका प्रबन्ध निर्देशक दिपक काफ्लेले स्नातकमा अध्ययनरत् विद्यार्थीहरुलाई पढ्दै कमाउँदै कार्यक्रममा सहभागी गराउने गरी अगाडि बढ्ने जानकारी दिएका छन् । उनले उचित व्यवसायको योजना ल्याउने विद्यार्थीलाई बिउ पूँजीका रुपमा १० लाख रुपैयाँसम्म सहयोग गर्न सकिने काफ्लेको भनाई छ । उनका अनुसार १० लाख बिउ पूँजी दिने नारायणी कलेज देशभरकै एकमात्र कलेज रहेको दाबी गरिएको छ । पढेर कमाउँछु भन्ने विद्यार्थीलाई कलेजले प्राथमिकतामा राखेर सहयोग गर्ने दाबी गरिएको छ ।

सरकारले २०७८ मै विद्यार्थीहरुलाई लक्षित गरेर 'पढ्दै कमाउँदै कार्यक्रम' ल्याएको हो । तर, उक्त कार्यक्रम देशका थोरै विद्यालय, कलेजहरुमा मात्रै कार्यान्वयन भइरहेको छ । पढ्दै कमाउँदै कार्यक्रम प्राविधिक विधामा अध्ययन गर्ने कक्षा १२ सम्मका विद्यार्थीलाई लक्षित गरेर सरकारले कार्यान्वयन गर्ने बजेट भाषणबाट घोषणा गरेको थियो । तर, उक्त योजना भन्दा नारायणी कलेजको योजना अलि भिन्न छ ।

नारायणी कलेजले ११ र १२ कक्षामा अध्ययनरत् विद्यार्थीलाई 'एक विद्यार्थी, एक सीप' कार्यक्रम ल्याएको छ । ११, १२ कक्षमा सीप सिकाएपछि मात्रै उच्च शिक्षा पढ्ने विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रममा सहभागी गराइने कलेजका किसन बास्तोलाले बताए । 'विद्यार्थीलाई हामी नै सीप सिकाउँछौं । स्नातकमा पुगेपछि उसले व्यवसाय गर्ने उचित योजना ल्याएर बिउ पूँजीका रुपमा १० लाख रुपैयाँसम्म सहयोग गर्छौं,' बास्तोलाले भने । नारायणी कलेजले ११ र १२ कक्षमा अध्ययरत् विद्यार्थीका लागि सीप विकासतर्फ फोटोग्राफी तथा भिडियोग्राफी कार्यक्रम, लेखा सम्बन्धी तालिम, शेयर मार्केट सम्बन्धी तालिम, 'प्रोग्रामिङ डेप्लोप'लगायतका विषयमा सिकाउँदै आइरहेको कलेजका एकेडेमिक निर्देशक मनोजकुमार यादवले बताए । कलेजले विगत एक महिनादेखि 'एक विद्यार्थी, एक सीप' कार्यक्रम कार्यान्वयन गरिरहेको उनको भनाइ छ । यसैगरी विद्यार्थीले अब आफ्नै रोजाईमा सीप विकास तालिम लिन पाउने भएका छन् । नारायणी कलेजकै तुलसी मेहर मेमोरियल स्कुलको ४ देखि १० कक्षासम्म अध्ययनरत् विद्यार्थीले अब दुई वटा कक्षा आफ्नो रोजाईमा पढ्न पाउने भएका छन् । जसका लागि विद्यालय व्यवस्थापनले अब ६ वटा मात्रै कक्षामा सैद्धान्तिक विषय पठनपाठन गराउने भएको छ ।

हाल ८ वटा कक्षाबाट पठनपाठन भइरहेपनि विजया दशमीपछि ६ वटा कक्षाबाट मात्रै पठनपाठन हुने एकेडेमिक निर्देशक यादवले जानकारी दिए । ६ वटा कक्षामा विज्ञापन, गणित, अंग्रेजी, नेपाली, सामाजिक विषयलाई प्राथमिकतामा साथ अध्यापन हुनेछ । ८ मध्ये बाँकी २ वटा कक्षामा भने विद्यार्थीले आफ्नो रोजाईको सीप विकास तालिमको कक्षा लिन पाउने भएका छन् ।

व्यवहारिक शिक्षालाई कार्यान्वयन गर्न विद्यार्थीहरुको रोजगाईमा सीप विकास सम्बन्धी कक्षा दिन खोजिएको यादवले बताए । उनका अनुसार ४ देखि १० कक्षासम्मका विद्यार्थीले करिब १० वटा क्षेत्रमा रहेर सीप विकास सम्बन्धी तालिम लिन सक्नेछन् । यादवका अनुसार खेलकुदतर्फ क्रिकेट, फुटबल, भलिबल, टि-टी र चेस खेल खेल्न पाइनेछ । आर्ट तथा ग्राफ, नृत्य तथा गायन, साइन्स एण्ड इनोभेसन, आइटी शिक्षा, क्वीज एण्ड डिबेट र पब्लिक स्पिकिङमा तालिम लिन सकिने यादवले बताए । सीप विकास तालिमका लागि अभिभावकले थप शुल्क तिर्नु नपर्ने उनको भनाइ छ ।

मकवानपुरगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9845461080 (ChairPerson)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०५/२७)*

स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम यस गाउँपालिकामा तपसिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिदसहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता र उमेर | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १/०७९-०८० | कृषि स्नातक | १ (एक) | - मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको । - २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.१०००/- (अक्षरेपी एक हजार मात्र) |

- ◆ **आवश्यक कागजात :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाण मात्र भए नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि), दरखास्त साथ पेश गर्नुपर्ने छ । साथै अन्तर्वार्ताको दिन उम्मेदवारहरुले सबै प्रमाणपत्रहरु सक्कलै लिई आउनुपर्नेछ ।
- ◆ **पारिश्रमिक तथा सेवा सुविधा: स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९** बमोजिम हुने छ ।
- ◆ **सम्पादन गर्नुपर्ने कामको विवरण: स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९** बमोजिम हुने छ ।
- ◆ दरखास्त फाराम यस गाउँपालिकाको Website:makawanpurgadhimun.gov.np खोली विद्युतीय शुसासनमा सेवा Tab मा गई नमुना फारामहरु खोली Download गर्न सकिनेछ ।
- ◆ दरखास्त फाराम दस्तुर यस गाउँपालिकाको खाता रहेको नविल वैंक लि., मक्रान्चुली शाखामा रहेको राजश्व **खाता नं. २२१०१०१७५०००५५** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा विद्युतीय भुक्तानी (e-Payment) गरेको रसिद दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।
- ◆ दरखास्त दिने अन्तिम मिति: २०७९/०६/०२ गतेसम्म (कार्यालय समयभित्र)
- ◆ यो सूचनाको अन्तिम म्यादको दिन सार्वजनिक बिदा परेमा वा पर्न गएमा भोलिपल्ट वा कार्यालय खुलेको दिनसमेत दरखास्त दिन सकिनेछ ।
- ◆ म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
- ◆ आवेदन परेका मध्येबाट छोटो सुची (Short List) प्रकाशनपश्चात **स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९** बमोजिम छनौट गरिनेछ ।
- ◆ थप कुरा बुझ्नु परेमा कार्यालय समयमा यस गाउँकार्यपालिकाको कार्यालय वा ९८४५०२७३२३ मा सम्पर्क गर्न सकिनेछ ।

**रामकुमार पुडासैनी**
प्रमुख प्रशासकीय अधिकृत

*"मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधार, शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"*
*"बालमैत्री स्थानीय शासन, मकवानपुरगढी गाउँपालिकाको मूख्य अभियान"*

## पसल बिक्रीमा
स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।
**फोन नं.: ९८४५४८७२३२**

## आवश्यकता
*प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२६*

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.को लागि तपसिलबमोजिम योग्यता पुगेका उल्लेखित कर्मचारी आवश्यकता भएकाले आवेदन दिन इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**पद : प्रबन्धक**
**पद संख्या :** १ जना
**शैक्षिक योग्यता :** वाणिज्य संकायमा स्नातक उतीर्ण
**अनुभव/ज्ञान :** सहकारी व्यवस्थापनमा कम्तिमा २ वर्ष अनुभव भई कम्प्युटर राम्ररी चलाउन जान्ने ज्ञान भएको ।
**उमेर :** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
**सेवा सुविधा :** संस्थाको नियमानुसार

**पद : बजार प्रतिनिधि**
**संख्या :** केही
**योग्यता :** एसईई/एसएलसी वा सो सरह
**सेवा सुविधा :** संस्थाको नियमानुसार
**अनुभव/ज्ञान :** सम्बन्धित क्षेत्रमा ज्ञान भएको ।
**ग्राहयता :** महिलालाई विशेष ग्राहयता दिइनेछ ।
**पेश गर्नुपर्ने कागजातहरु :** निवेदन तथा व्यक्तिगत विवरण (Bio-Data), शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको छायाँप्रति र फोटो ।
*नोट : प्रारम्भीक छनौटमा परेका उमेदवारहरुलाई अर्न्तवार्ताको लागि सहभागी गराइने छ । दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ ।*

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-१, मकवानपुर**
**सम्पर्क:** ०५७-५२६८४९

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**प्रोपाईटर:** बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२
## विक्की फ्रेस मिट शप
हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना